mail: info@besishaharmun.gov.np
eo@info@besishaharmun.gov.np

# वेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## (प्रशासन शाखा)
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

फ्याक्स न. ०६६-५२०२०४
फोन न., , ०६६-५२०१५०

पत्र संख्या. ०७५/७६
च.नं. ४०6

मिति : २०७५/०५/२७

**विषय : परिपत्र कार्यान्वयन सम्वन्धमा ।**

**श्री वडा कार्यालय १ देखि ११ सवै,**
**वेसीशहर नगरपालिका ।**

प्रस्तुत विषयमा गृह मन्त्रालय, नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखाको च.न. १९४ मिति २०७५/०५/२१ को प्राप्त पत्र साथै जिल्ला प्रशासन कार्यालय लमजुङको च.नं.२३ मिति २०७५/०५/२२ गते प्राप्त पत्रको प्रतिलिपी यसै पत्रसाथ पठाइएको हुँदा सो अनुसार गर्नु गराउनुहुन सम्पुर्ण वडा कार्यालयहरुलाई सुचित गरिन्छ ।

वोधार्थ :
श्री सुचना प्रविधि शाखा : website मा अपलोड गर्नुहुन ।

.............................................
राजेश्वर सिलवाल
नि.प्रमुख प्रशासकिय अधिकृत

“पर्यटकिय, ऐतिहासिक, व्यवसायिक कृषि नगर, स्वच्छ, समृद्ध, हराभरा हाम्रो वेसीशहर”

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
**लमजुङ**
(स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा)

फोन नं. ०६६-५२०१३३, ५२०२५५
फ्याक्स नं.:- ०६६-५२०१३४
ईमेल:- dao_lamjung@moha.gov.np
वेवसाइट:- www.daolamjung.gov.np

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
लमजुङ

पत्र संख्या :- ०७५/७६
चलानी नं.-२३

मिति :-२०७५/०५/२२

विषय : परिपत्र कार्यान्वयन सम्बन्धमा ।

**श्री स्थानीय तह सबै,**
**लमजुङ ।**

प्रस्तुत विषयमा गृह मन्त्रालय नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखाको च.नं. १९४ मिति २०७५।०५।२१ को विद्यमान मुलुकी (संहिता) ऐन सन्दर्भमा नागरिकता जारी गर्नेबारेको पत्रको छायाँ कपि पाना १ (एक) यसैसाथ संलग्न राखी पठाइएको छ । व्यहोरा सोही पत्रबाट अवगत गरी कार्यान्वयनका लागि आदेशानुसार अनुरोध छ ।

(मनोहर थापा)
सहायक प्रमुख जिल्ला अधिकारी

सहायक प्रमुख जिल्ला अधिकारी

जिल्ला प्रशासन कार्यालय, लमजुङ
दर्ता नं. ३१
मितिः- ५।२८

नेपाल सरकार

# गृह मन्त्रालय

नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा

पत्र सख्याः- नाराप/परिपत्र/०७५/७६
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-१९४

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मितिः-२०७५/०५/२१

विषयः विद्यमान मुलुकी (संहिता) ऐन सन्दर्भमा नागरिकता जारी गर्ने बारे ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

जिल्ला प्रशासन कार्यालय, तनहुँले च.नं. ८१७ मिति २०७५।०५।०७ को पत्रबाट मिति २०७५।०५।०१ देखि लागू भएको मुलुकी संहितामा २० वर्ष नपुगी कसैले पनि विवाह गर्नु नहुने र गरेमा स्वतः बदर हुने साथै बहुविवाह समेत स्वतः बदर हुने जस्ता ऐनको व्यवस्थाको सन्दर्भमा नेपाली नागरिकता जारी गर्दा २० वर्ष नपुगी पति वा पत्नीको नाम कायम गर्न आएमा वा बहुविवाह गरी पति वा पत्नीको नाम कायम गर्न आएमा नयाँ वा प्रतिलिपि नागरिकता जारी गर्न दुविधा परेको भनी जानकारी हुन आएको हुँदा तत् सम्बन्धमा देहाय बमोजिम गर्न नेपाल सरकार (सचिवस्तर) को मिति २०७५।०५।१८ को निर्णयानुसार अनुरोध गरिन्छ ।

तपसील

१. मिति २०७५।०५।०१ भन्दा अगाडी भएका विवाहको हकमा तत्काल प्रचलित कानून बमोजिम यस अघि जे जसरी नागरिकता वा प्रतिलिपि जारी गर्ने गरिन्थ्यो सोही अनुसार गर्ने ।
२. मिति २०७५।०५।०१ देखि पछि भएका विवाहको हकमा हाल प्रचलित कानून बमोजिम गर्ने ।

(गंगाप्रसाद न्यौपाने)
उप-सचिव

D:\Nagarikta Section\all nagarikata\letters of 2075.076.docx